## अनुसूची-२

( दफा ४ तथा अनसूची-१ को भाग-१ सँग सम्बन्धित )

भीरकोट राजपत्र

# स्थानीय राजपत्र

खण्ड २ संख्या ५ मितिः २०७६/१०/१८

**भाग-१**

**भीरकोट नगरपालिका**

## साधारण निर्माणजन्य सामाग्री (ढुङ्गा, गिट्टी, माटो, वालुवा) संकलन, उत्खनन्, प्रसोधन, ओसार पसार र बिक्री वितरण सम्बन्धी कार्यविधि, २०७६

**प्रस्तावनाः**

भीरकोट नगरपालिका भित्र सार्वजनिक स्वामित्वमा रहेका खोला आसपासका क्षेत्रबाट गरी त्यसको विक्रि वितरणलाई प्रभावकारी बनाउने स्थानीय सरकार सञ्चालन ऐन २०७४ को दफा १०२ ले दिएको अधिकार प्रयोग गरी नगर सभाको मिति २०७६/१०/१८ को निर्णयानुसार यो निर्देशिका जारी गरी लागु गरिएको छ ।

**परिच्छेद—१**

**प्रारम्भिक**

**१. संक्षिप्त नाम र प्रारम्भः**

(क) यो कार्यविधिको नाम "निर्माणजन्य सामाग्री (ढुङ्गा, गिट्टि, माटो, वालुवा) संकलन, उत्खनन्, ओसार प्रसार र बिक्री वितरण सम्बन्धी कार्यविधि,२०७६" रहेको छ ।

(ख) यो कार्यविधि तुरुन्त प्रारम्भ हुनेछ ।

**२. परिभाषाः विषय वा प्रसंङ्गले अर्को अर्थ नलागेमा यस कार्यविधिमा**

(क) "ऐन" भन्नाले स्थानीय सरकार संचालन ऐन, २०७४ लाई सम्झनु पर्दछ ।

(ख) "कार्यविधि" भन्नाले सार्वजनिक निर्माण प्रयोगमा हुने ढुङ्गा, गिट्टि, वालुवा, माटो जस्ता पदार्थको संकलन, उत्खनन्, ओसारपसार तथा बिक्री वितरण सम्बन्धी कार्यविधि २०७६ लाई जनाउनेछ।

(ग) "मन्त्रालय" भन्नाले संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालयलाई जनाउनेछ ।

(घ) "अनुगमन समिति" भन्नाले यस कार्यविधिको दफा १२ बमोजिम गठन हुने समितिलाई जनाउने छ ।

(ङ) "ढुङ्गा, गिट्टी, बालुवा र माटो जन्य पदार्थ" भन्नाले भीरकोट नगरक्षेत्र भित्र सार्वजनिक वा नेपाल सरकारको स्वामित्वमा रहेका खोलानाला, बन जङ्गल, चउर र आसपासमा रहेका क्षेत्रमा रहेका निर्माणजन्य सामाग्री गिट्टी, ढुङ्गा, वालुवा, मिस्कट, पांगो र माटो समेतलाई जनाउने छ।

(च) "सिफारिस समिति" भन्नाले यस कार्यविधिको दफा ७ बमोजिम गठित सिफारिस समितिलाई जनाउने छ ।

(छ) "निर्माणजन्य पदार्थ" भन्नाले सार्वजनिक खोलानालावाट उत्खनन् गरिएको ढुङ्गा, गिट्टी, वालुवा, माटो र नदीजन्य पदार्थलाई जनाउने छ ।

(ज) "वातावरणीय अध्ययन" भन्नाले कुनै कार्य गर्दा वातावरण संरक्षणका लागि सुमदाय, जलश्रोत, भौतिक पूर्वाधारहरुमा पर्ने प्रभावहरुको सामान्य लेखाजोखालाई बुझाउने छ ।

**३. कार्यविधिको उद्देश्यः**

(१) सार्वजनिक तथा निजी क्षेत्रबाट उत्खनन् संकलन, प्रशोधन तथा बिक्री वितरण हुने ढुङ्गा, गिट्टी, वालुवा र माटो जन्य पदार्थको अत्याधिक दोहन रोकी सहज आपूर्ती गर्ने व्यवस्था मिलाउन सार्वजनिक स्वामित्वमा रहेको खोला आसपासका क्षेत्रबाट ।

(२) निजि जग्गा जमिनबाट उत्खनन् तथा संकलन हुने ढुङ्गा, वालुवा र माटोजन्य पदार्थको प्रभावकारी उपयोग र व्यवस्थापन गरी भुकम्प पछिको पुनःनिर्माणका लागि आवश्यक साधारण निर्माणमुखी पदार्थहरुको आपूर्तिमा बिद्यमान अभाव र महंगीलाई ब्यवस्थापन गर्ने ।

(३) सार्वजनिक निमार्ण कार्यका लागि आवश्यक पर्ने वालुवा, ढुङ्गा र माटोजन्य पदार्थको अभाव हुन नदिने ।

(४) वालुवा, गिट्टी, ढुङ्गा र माटोजन्य पदार्थको प्रयोग वापत संकलित रकमवाट विकास निर्माणका लागि श्रोत ब्यवस्थापन गर्ने ।

(५) निजि हकभोगको जग्गामा भौतिक वा संरचनात्मक जोखिम उत्पन्न हुन सक्ने स्थानहरुको पहिचान गरी भविष्यमा सम्भावित प्रकोप तथा जोखिमलाई न्यूनीकरण गर्ने।

(६) अनावश्यक रुपमा जम्मा भईरहेको ढुंगा, गिट्टी, बालुवा तथा नदीजन्य पदार्थ वा ढुंगा वा अनुत्पादनशील निजि जग्गा जमिनलाई खेतियोग्य बनाउने क्रममा ढुंङ्गा तथा माटोजन्य पदार्थ हटाइ उर्वर खेतीयोग्य भुमिको तयारी गर्ने।

(७) प्राप्त शुल्कबाट स्थानीय तहको वातावरण व्यवस्थापन सहजीकरण गर्ने ।

**४. संकलन तथा उत्खनन् को क्षेत्र तोक्नेः**

(१) ढुंगा, गिट्टी, बालुवाको संकलन तथा उत्खनन् गर्ने क्षेत्र देहाय बमोजिम हुनेछन् ।

(क) नगर सभाबाट निर्णय भए बमोजिमका क्षेत्रहरु,

(ख) प्रारम्भिक वातावरणीय परीक्षणको प्रतिवेदनमा उल्लेख भए बमोजिमका क्षेत्रहरु,

(ग) आँधिखोला आसपास लगायतका क्षेत्र बाहेक ढुंगा, गिट्टी, बालुवाको संभावना रहेको देखिएमा वडा कार्यालयको सिफारिसका आधारमा कार्यपालिकाको निर्णयानुसार तोकिएका क्षेत्रहरु ।

**५. निर्माण सामाग्रीको संकलन तथा घाटगद्दी विधि तथा प्रक्रियाः**

(क) सार्वजनिक खरिद ऐन तथा नियमावली बमोजिम गरिएको सार्वजनिक सूचना अनुसार भएको सम्झौतामा तोकिए बमोजिम संकलन तथा घाटगद्दी गरिनेछ वा

(ख) नेपाल सरकार, आर्थिक तथा पूर्वाधार समितिको मिति २०७४/०४/११ को निर्णयानुसार संकलन तथा घाटगद्दी गरिनेछ । यसरी ढुंगा, गिट्टी, बालुवाको संकलन गर्दा कुन ठाउँ मा के कति कारणले निकाल्न पर्ने हो?, के गर्दा खोला नदीको बहाव नियन्त्रण गर्न सकिन्छ? र के कति परिमाणमा तोकिएको स्थानबाट उत्खनन् तथा संकलन गर्न सकिन्छ? त्यस

सम्बन्धमा प्राविधिकको सिफारिस समेतको आधारमा नगरपालिकाले आफ्नो डोजर र साधन तथा स्रोत प्रयोग गरी उत्खनन् तथा संकलन गरिनेछ ।

(ग) बुँदा नं. (क) वा (ख) बमोजिम उत्खनन् तथा संकलन गरिएको निर्माण सामाग्री नगरपालिकाले तोकेको स्थानमा घाटगद्दी गरी राख्नुपर्नेछ ।

६. **ढुंगा, गिट्टी र वालुवाको विक्रि वितरण सम्बन्धी विधि तथा प्रक्रियाः** ढुंगा, गिट्टी र वालुवा तथा नदीजन्य निर्माण सामाग्रीको विक्रि देहाय बमोजिम गरिनेछ ।

(क) सार्वजनिक खरिद ऐन तथा नियमावलीमा भएको व्यवस्था अनुसार खुल्ला प्रतिस्पर्धाको माध्यमबाट वा

(ख) नेपाल सरकार मन्त्रिपरिषद्, आर्थिक तथा पूर्वाधार समितिको मिति २०७०/०४/११ को निर्णयानुसार तोके बमोजिमको विधि र प्रक्रिया,

(ग) प्रचलित कानूनको प्रतिकुल नहुने गरी नगर कार्यापालिकाले तोकेको विधि र प्रक्रिया ।

(घ) बुँदा नं. १, २ र ३ बमोजिम उत्खनन् गरी संकलन गरिएको निर्माण सामाग्री विक्री गर्दा प्रदेश सरकारले तोकेको राजश्वका अलवा संकलन गर्दा लागेको लागत समेत जोडी विक्री गरिनेछ ।

(ङ) बुँदा नं. (घ) बमोजिम निर्माण सामाग्रीको विक्री सम्बन्धित उपभोक्तालाई सोझै वा विक्रीका लागि संकलित गरिएको निर्माण सामाग्रीको न्यूनतम मूल्य कायम गरी सम्बन्धित व्यवसायीहरुको उपस्थितिमा खुल्ला बोलकबोलका आधारमा विक्रि गरिनेछ ।

७. **निर्माण सामाग्री संकलन तथा विकि वितरण समितिः**

१. निर्माणजन्य सामाग्रीको संकलन तथा विक्री वितरण समिति देहाय बमोजिम हुनेछ ।

क. ....................... संयोजक

ख. ....................... सदस्य

ग. ....................... सदस्य

घ. ....................... सदस्य

ङ. ....................... सदस्य

२. बुँदा नं. १ बमोजिम समितिको काम, कर्तव्य र अधिकार देहाय बमोजिम हुनेछ ।

(क) निर्माणजन्य सामाग्रीको उत्खनन् गर्ने स्थानको पहिचान गरी प्राविधिकलाई त्यसको संभाव्यता निकाल्न सकिने परिमाण सहितको प्रतिवेदन पेश गर्न लगाउने ।

(ख) उत्खनन् गरिएको निर्माण जन्य सामाग्री राख्ने स्थानको पहिचान गर्ने

(ग) निर्माण सामाग्रीको उत्खनन् , संकलन तथा विक्री वितरणमा कुन समस्या आएको त्यसको समाधान गर्ने

(घ) साविक देखि उत्खनन् तथा संकलन गरेको क्षेत्र बाहेक अन्य क्षेत्रहरुबाट पनि संकलन तथा विक्री, वितरण गर्ने क्षेत्रको पहिचान गरी त्यसको अनुमतीका लागि नगरपालिकामा पेश गर्ने

(ङ) निर्माणजन्य सामाग्रीको उत्खनन्, संकलन, भण्डारण तथा विक्री वितरणमा आउने अन्य सम्पूर्ण कार्य गर्ने

(च) ढुंगा, गिट्टी, बालुवा, माटो वा नदिजन्य पदार्थहरुको विक्री मूल्य निर्धारण गर्ने ।

## परिच्छेद २

## संकलन तथा उत्खनन् सम्वन्धी व्यवस्था

**८. निजि जग्गाबाट गिट्टी ढुङ्गा ,वालुवा र माटोजन्य पदार्थको संकलन र उत्खनन् विधिः**

(क) निजि जग्गाबाट ढुङ्गा, वालुवा र माटोजन्य पदार्थको संकलन, उत्खनन् सम्बन्धी कार्ययोजना यस नगरपालिकाले तयार गरी सोही बमोजिम कार्यान्वयन गर्नु पर्नेछ ।

(ख) सम्बन्धित स्थानीय तहले ढुङ्गा र माटोजन्य पदार्थको उत्खनन् तथा संकलन कुन क्षेत्रबाट कति गर्न सकिन्छ सो सार्वजनिक गरी सो अनुसार वातावरणीय अध्ययन गरी गराई तोकिएको दरमा वातावरण शुल्क लिई उत्खनन्, संकलनको व्यवस्था मिलाउनु पर्नेछ । यसरी वातावरणीय अध्ययन गर्दा उत्खनन तथा संकलन गर्ने कार्य सुरु हुने र बन्द हुने महिना/समय किटान गरी अस्थायी अनुमति प्रदान गर्नुपर्ने छ । पदार्थहरुको मात्रा हेरी नगरकार्यपालिकाले पुनः अस्थायी अनुमती प्रदान गर्न सक्नेछ ।

(ग) वालुवा, ढुङ्गा, गिट्टी, माटो र नदीजन्य पदार्थको संकलन र उत्खनन् दुई वा दुई भन्दा स्थानीय तहको क्षेत्र भित्र पर्ने अवस्था भएमा संयुक्त समिति बनाई संकलन र उत्खनन्को व्यवस्था मिलाउन सकिनेछ ।

(घ) ढुङ्गा, गिट्टी, वालुवाको संकलन र उत्खनन् कार्यको लागि सम्बन्धित स्थानीय तहले तोकेको प्राविधिकबाट वातावरणीय चेक लिष्ट बनाई स्थलगत अध्ययन गरी पदार्थको उपलब्धताको आधारमा उत्खनन्, र विक्री वितरण गर्ने गराउने ब्यवस्था गर्नु पर्नेछ

(ङ) वातावरणीय अध्ययन गर्ने क्रममा सम्बन्धित स्थानीय तहका प्रतिनिधि, सम्बन्धित प्राविधिक समिति र स्थानीय बासिन्दा समेतको रोहवरमा वालुवा, ढुंङ्गा, गिट्टी, माटो तथा नदीजन्य

पदार्थको उत्खनन् तथा संकलनका लागि प्रस्तावित स्थानको लम्बाई, चौडाई तथा गहिराई सहितको चौकिल्ला निर्धारण गरी उत्खनन् विधि र गुनासो सुन्ने अधिकारीको नाम र सम्पर्क नं. लगायतका जानकारी मुलक सुचना बोर्ड र सो सम्बन्धी सूचना टांस गर्ने व्यवस्था गर्नुपर्नेछ

(च) उत्खननपश्चात समेत के कति परिमाण निकालेको रहेछ भनि नापजांच गर्न मिल्ने गरी निशाना/चिन्ह लगाई निर्धारित परिमाण भन्दा बढी उत्खनन् गर्न नपाउने गरी साँध, सिमाना र निसाना/चिन्हको व्यवस्था गरी उत्खनन् कार्यको थालनी गर्नु पर्नेछ ।

(छ) पदार्थ उत्खनन् गर्दा रेखाङ्कन गरिएको क्षेत्र भित्रको सिमाबाट मात्र वातावरणीय अध्ययन प्रतिवेदनमा श्रममूलक प्रविधि वा मेशिनको प्रयोग सम्बन्धमा के व्यवस्था छ सोही बमोजिम गर्नु पर्ने छ ।

(ज) सामान्य निर्माणमुखी ढुङ्गा, गिट्टि, वालुवा र माटोजन्य पदार्थको संकलन, उत्खनन् गर्न परिमाण, गहिराई, स्थान, प्रविधि तथा समय समेत सम्झौतामा नै तोक्नु पर्नेछ र सो अनुसारको सूचना उत्खनन् गर्ने क्षेत्रमा राख्ने व्यवस्था मिलाउनु पर्नेछ ।

**९. साधारण निर्माणमुखि वालुवा, ढुङ्गा र माटोजन्य पदार्थको उत्खनन्, संकलन तथा बिक्री वितरणको अस्थायी अनुमतिको लागी निवेदन दिनु पर्नेः**

(१) निजी हक भोग तथा स्वामित्वको जग्गावाट ढुंगा, माटो, वालुवा निकाली प्रयोग तथा विक्रि वितरण चाहने व्यक्तिले देहाय वमोजिम कागजात वा विवरण उल्लेख गरी नगर कार्यपालिकाको कार्यालयमा निवेदन पेश गर्नु पर्नेछ ।

(क) आफ्नो हकभोगको जग्गा धनी प्रमाणपूर्जाको फोटोकपि ।

(ख) अरुको हकको जग्गा भए सम्वन्धीत जग्गाधनिको मन्जुरी वा सहमति पत्र ।

(ग) चार किल्ला सधियारको विवरण र सहमती पत्र ,

(घ) फिल्ड नक्शा, ट्रेस नक्शा, ब्लु प्रिन्ट नक्शा,

(ङ) नागरिकताको प्रमाणित प्रतिलिपि,

(च) आफूले संकलन गर्न लागेको परिमाणको विवरण ,

(छ) जग्गा कम्तीमा २५ रोपनी व्यक्ति-कम्पनीको नाममा भएको प्रमाण वा सहमती पत्र।

(२) उपदफा (१) वमोजिमको निवेदन प्राप्त भएपछि निवेदकले साधारण निर्माण जन्य पदार्थको उत्खनन, संकलन तथा विक्रि वितरण गर्न अस्थायी इजाजत दिने वा नदिने भन्ने सम्वन्धमा

जांचवुझ गरी अनुमति प्रदान गर्न खानी विकास समितिले प्रमुख प्रशासकिय अधिकृत समक्ष निर्णय पठाउनेछ ।

**१०. खानी विकास समितिको गठनः**

(१) साधारण निर्माणजन्य सामाग्रिहरु ढुंगा, गिट्टि, माटो ,वालुवा उत्खनन, संकलन, प्रसोधन एवं विक्रि वितरण कार्यको अनुमति प्रदान गर्न देहाय वमोजिमको नगर खानी विकास समिति गठन गर्ने ।

(क) भीरकोट नगरपालिका प्रमुख................................... अध्यक्ष/संयोजक

(ख) नगरपालिकाका प्रशासन प्रमुख........................ ......... .....सदस्य

(ग) प्रतिनिधि इलाका वन कार्यालय............................. .........सदस्य

(घ) कार्यपालिका सदस्य ................................... ..सदस्य

(ङ) कार्यपालिका सदस्य ..................................... ..सदस्य ट

(च) कार्यपालिका सदस्य .................................. .. ..सदस्य

(छ) कार्यपालिका सदस्य .................................. .. ...सदस्य

(ज) कार्यपालिका सदस्य .............................. ...... .सदस्य

(झ) प्रतिनिधि प्राविधिक शाखा प्रमुख भीरकोट नगरपालिका..................................सदस्य सचिव

(२) उपदफा (१) वमोजिम गठित सिफारिस समिति समक्ष प्राप्त भएको निवेदन उपर समितिले आवस्यकतानुसार नगरउद्योग विकास शाखाको प्रतिनिधि, सम्वन्धीत जग्गाको सधियार र निवेदक समेतलाई समावेश गरी आवश्यक जाचवुझ गरी स्थलगत निरिक्षण गर्नु पर्नेछ ।

(३) उपदफा (२) वमोजिम स्थलगत अध्ययन निरिक्षण गर्दा उत्खनन एवं संकलन गर्न प्रस्तावित स्थलवाट गिट्टी, ढुंगा, माटो, वालुवा निकाल्दा सधियारहरुलाई हानी नोक्सानी पर्ने नपर्ने, सार्वजनिक जग्गा, वन जंगल, पानी मुहान, सडक, पाटी पौवा, मन्दीर, भवन, आदी तथा अन्य सार्वजनिक वा व्यक्तिगत संरचनामा तल्काल, अल्पकाल र दीर्घकालिन असर पर्ने हो होइन यकीन गर्ने तथा संकलन गर्न सकिने वस्तुको परिणाम समेत यकिन गर्नु पर्ने छ ।

**११. अस्थाई अनुमति प्रदान गर्नेः**

(१) दफा (७) वमोजिम सिफारिस समितिले सिफारिस गरे पश्चात नगर कार्यपालिकाले सो निर्माणजन्य सामाग्री उत्खनन एवं संकलन गर्न दिन उपयुक्त हुने ठहर गरेमा सो सिफारिसका आधारमा समयावधी, उत्खनन पद्धति, क्षेत्रफल, निर्माणजन्य समाग्रीको नाम

समेतका विवरणहरु एवं शर्तहरु उल्लेख गरी तोकिए वमोजिमको दस्तुर लिई नियमानुसार अस्थायी अनुमति प्रदान गर्न सक्ने छ ।

(२) उपदफा (१) वमोजिम अस्थायी अनुमति प्रदान गर्नु भन्दा पुर्व सम्वन्धीत निकायवाट सहमति लिनु पर्ने देखिएमा सहमतिको लागी लेखि पठाउनु पर्नेछ ।

(३) कुनै व्यक्तिले आफ्नो तथा आफ्नो हकभोगको जग्गावाट गिट्टी, ढुंगा, माटो वालुवा झिक्न, निकाल्न अन्य कुनै व्यक्तिलाई अख्तियारी दिएमा दफा ६ र ७ वमोजिमका सवै प्रकृया अवलम्वन गर्नु पर्ने छ ।

**१२.उत्खनन्, संकलन र बिक्री वितरण कार्य गर्दा पालना गर्नु पर्ने शर्तहरुः** उत्खनन्, संकलन र बिक्री वितरण कार्यको लागी अस्थायी अनुमति पाउने व्यक्तिले पालना गर्नु पर्ने शर्तहरु देहाय वमोजिम हुने छ ।

(क) उत्खनन, संकलन स्थल बस्ति, वन, खानेपानीको मुहान र मुलसडकवाट कम्तिमा ५० मिटरको दुरिमा हुनुपर्नेछ र नजिकको समथर जमिनको सतहबाट ५ मी भन्दा बढीको खाल्डो खन्न पाईने छैन ।

(ख) साधारण निर्माणमुखी सामाग्री संकलन गरी सोको बिक्री पछि बनेको खाडललाई माटोले पुनःभरण गर्ने लगाएत जोखिम कम गर्ने अन्य उपयुक्त उपाय अवलम्वन गर्नु पर्ने छ ।

(ग) दफा ६ वमोजिमको अनुमति प्रदान गर्दा लिने धरौटीको सम्वन्धमा खानी विकास समितिले परिणामका अधारमा निर्धारण गर्न सक्नेछ । सो तोकिए वमोजिमको धरौटी वापतको रकम भीरकोट नगरपालिकाको खातामा जम्मा गर्नुपर्ने र उक्त धरौटी अस्थायी अनुमति अवधि समाप्त भै व्यवसाय बन्द भएको मितिले जोखिमको अवस्था अनुसार कम्तिमा ६ महिना पछि मात्र फिर्ता गर्नु पर्नेछ । तर तोकिएको शर्त अनुसार कार्य नगरी उलंघन गरेको ठहरेमा नियमानुसार जरिवाना रकम सोही धरौटी वाट कट्टा गर्न सकिने छ ।

(घ) सार्वजनिक जग्गाको सिमानाबाट कम्तिमा ५ मीं दुरी सम्म मात्र उत्खनन् गर्न पाईनेछ ।

(ङ) ढुंगा, वालुवा र माटो लगायत साधारण निर्माणमुखी सामाग्रीको बजार मूल्य नियमित गर्न उत्खनन् स्थल, बजार दुरी र उत्खनन् संकलन लागत एवं अन्य अनुमति प्राप्त व्यक्ति वा फर्मको प्रचलित वजार दर समेतलाई ध्यान राखि नगर कार्यपालिकाले अधिकतम बिक्रि दररेट तोक्न सक्नेछ । यसरी तोकिएको दर रेटलाई सम्वन्धीत अनुमति प्राप्त व्यक्ति वा फर्मले अवलम्वन गर्नु पर्नेछ ।

(च) दफा ६ वमोजिम अनुमति प्राप्त व्यक्तिले सो निर्माण जन्य सामाग्रि उत्खनन एवं संकलन गर्दा भीरकोट नगरपालिकाले तोके वमोजिम विक्रि शुल्क भीरकोट नगरपालिकालाई बुझाउनु पर्नेछ । तर संकलित समाग्री अन्य जिल्लामा निकासी गर्दा नगरपालिकाको समन्वयमा थप शुल्क निर्धारण गर्न सकिने छ ।

(छ) साधारण निर्माणमुखी सामाग्री बिक्री वितरण गर्दा अस्थायी अनुमति प्राप्त व्यक्तिले पहिलो प्राथमिकता भीरकोट नगरपालिका वासीलाई दिनुपर्नेछ ।

(ज) उत्खनन् पश्चात अस्थायी अनुमति प्राप्त फर्म वा ब्यक्तिले उत्खनन् एवं संकलन पश्चात छनौट गरी छाडिएको काम नलाग्ने वस्तु बलौटा, पांगो वा चोकर वा अन्य वाई प्रडक्टको उचित ब्यवस्थापन गर्नु पर्नेछ । साथै सो वाट निस्कीएको फोहर पानिलाई आवस्यक ट्रिटमेन्ट ल्पान्ट मार्फत सफा गरे पश्चात मात्र स्थानिय नदी, खोलामा खसाल्ने व्यवस्था गर्नु पर्नेछ ।

(झ) सडक विभाग र सम्वन्धित निकायले तोकेको सडक सीमा र मापदण्ड भित्रको क्षेत्रमा ढुंगा, वालुवा र माटो उत्खनन्र संकलन गर्न वा सञ्चय गर्न पाइने छैन ।

(ञ) उत्खनन्तथा संकलन स्थलवाट मानव स्वास्थ्यमा प्रतिकुल प्रभाव पर्ने गरी कुनैपनि कार्य गर्न गराउन पाइने छैन ।

(ट) संकलन र उत्खनन् गरिएको सामान्य निर्माणमुखी ढुङ्गा, वालुवा, तथा माटो जस्ता पदार्थ स्थानीय तहबाट ईजाजत प्रत्रमा उल्लिखित परिमाण भन्दा बढ्ने गरी संचय गर्न पाइने छैन।

(ठ) उत्खनन एवं संकलन अनुमती माग गर्ने कम्पनी वा फर्मले व्यवसाय सञ्चालनका क्रममा वातावरणमा परेको वा पर्न सक्ने प्रतिकूल वातावरणीय असरको निराकरण गर्ने जिम्मेवारी सम्बन्धित व्यक्ति, कम्पनी वा फर्मको हुनेछ ।

(ड) खानी विकास समितिको स्वीकृति पश्चात खानी संचालन गर्न रु ५०,०००।—(पचास हजार) प्रति रोपनिका दरले हुन आउने रकम धरौटी वापत जम्मा गर्नुपर्नेछ । उत्खनन्पश्चात उक्त स्थल पूर्ववत अवस्थामा नल्याएमा कम्तीमा ६ महिना पछि उक्त जमिन सम्याउन लाग्ने खर्च र जरिवाना सहितको रकम कट्टा गरी फिर्ता गरिनेछ ।

१३. **उत्खनन् परिमाण नियन्त्रण विधिः** उत्खनन् गर्न निर्धारिण गरिएको स्थलमा स्वीकृत परिमाण भन्दा बढी उत्खनन्हुन नदिन देहाय बमोजिमका उपायहरु अवलम्वन गर्नु पर्ने छ ।

(क) संकलन तथा उत्खनन् आदेश दिनु पूर्व प्राविधिकबाट गरिएको नाप जाच तथा रेखाकंनका आधारमा उत्खनन् लाईन दिने ।

(ख) यस बमोजिम उत्खनन् भै निकासी भएको स्थलमा सम्बन्धित स्थानीय तहले नियमित अनुगमन गर्नु पर्नेछ ।

(ग) दैनिक उत्खनन् गरिएको खानीजन्य पदार्थको समेत तोकिए वमोजिम ढाचामा दैनिक उत्खनन् अभिलेख राख्नु पर्ने छ ।

(घ) दैनिक विक्री निकासी तेरिज तयार गरी सम्बन्धित स्थानीय तहमा पठाउने र स्थानीय तहले सो को अभिलेख राख्नुपर्ने छ ।

(ङ) गिट्टी ढुंगा , वालुवा र माटो संकलन र उत्खनन् प्रसोधन कार्य गर्दा उत्खनन् कर्ता स्वयंले शुल्क संकलन गरी तोकिएको हिस्सा संकलनको दोश्रो दिन वा भोलीपल्ट नै भीरकोट नगरपालिकालाई उपलब्ध गराउनुपर्नेछ ।

(च) प्राविधिक नापजाच प्रतिवेदन वा दैनिक हुने विक्रिको परिमाणको आधरमा खानी विकास समितिले निश्चित समयअविधि तोकि अनुमति दिनेछ ।

## परिच्छेद—३

## ओसारपसार विधि

१४. **ढुंगा ,गिट्टी, वालुवा र माटो जस्ता सामान्य निर्माणजन्य पदार्थको ओसार पसार गर्ने विधिः** साधारण निर्माणजन्य पदार्थ ओसार पसार विधि देहाय बमोजिम हुनेछ ।

(क) सामान्य निर्माणमुखी पदार्थ ढुवानी गर्ने साधनले संकलन वा उत्खनन्स्थलबाटै ढुवानी साधनलाई छोपी प्रदुषण नहुने व्यवस्था मिलाउनु पर्नेछ । यस्ता ढुवानी साधनको गति ४० कि.मी. प्रति घण्टा भन्दा बढी हुन नपाउने र पानी चुहाउन समेत नपाउने व्यवस्था मिलाउनु पर्ने छ ।

(ख) सामान्य निर्माणमुखी पदार्थ उत्खनन् भएको स्थानबाट ओसार पसार गर्ने समय दिनमा मात्र तोकि दिनु पर्नेछ ।

(ग) वाटोमा धुलो तथा ध्वनी प्रदुषण हुन नदिन ढुवानी गर्दा मानव वस्तीको मार्गमा धुलो उड्न नदिन नियमित पानी छर्कने प्रबन्ध उत्खनन् कर्ता र ढुवानीकर्ताले मिलाउनु पर्नेछ ।

(घ) ढुवानी गर्ने सवारीले ढुवानी अवधी भर प्रेसर हर्न प्रयोग गर्न निषेध गर्ने र सो को प्रभावकारी कार्यान्वयनको निमित्त नेपाल प्रहरीलाई आवश्यकता वमोजिम परिचालन गर्ने गराउने व्यवस्था गर्ने ।

(ङ) निर्माण सामाग्री लोड गरी ओसार पसार गर्ने क्रममा लोड सवारी साधन गन्तब्यमा नपुगन्जेल सडकमा पार्किङ गर्न निषेध गरिनेछ । ढुवानी गरिएको पदार्थ कुनै पनि कारणले सडक किनारामा अनलोड गर्न पाउने छैन ।

(च) निर्माण सामाग्रीको ओसार पसार गर्न निर्धारण गरिए वमोजिम परिपालना भए नभए सम्बन्धमा कार्यविधिको दफा १० वमोजिम गठित अनुगमन समिति मार्फत प्रभावकारी अनुगमनको प्रबन्ध गर्नेछ ।

## परिच्छेद–४

## अनुगमन

**१५. अनुगमन सम्बन्धी व्यवस्थाः**

(१) साधारण निर्माणजन्य सामाग्री उत्खनन् तथा प्रशोधनको लागि क्षेत्र, सिमांकन, परिमाण आदिको पूर्वनिर्धारण गर्न र वातावरणीय अध्ययन गरी सो को शर्तहरुको परिपालना, अनियमित संकलन र उत्खनन् परिमाणको नियन्त्रण, ढुवानी ब्यवस्था, राजश्व चुहावट तथा चोरी नियन्त्रण, हाल संचालनमा रहेका क्रशर उद्योग लगायतका कार्यहरुको अनुगमन गर्न नगरउप प्रमुखको संयोजकत्वमा गठित देहाय वमोजिम अनुगमन समिति रहने छ ।

(क) नगरपालिकाका उपप्रमुख .............................. संयोजक

(ख) नगरपालिकाका प्रशासन प्रमुख .... सदस्य

(ग) कार्यपालिका सदस्य श्री .... सदस्य

(घ) कार्यपालिका सदस्य श्री .... सदस्य

(ङ) कार्यपालिका सदस्य श्री .... सदस्य

(च) कार्यपालिका सदस्य श्री .. सदस्य

(छ) उद्योग विकास शाखा..................................................... —सदस्य सचिव

(२) गिट्टी ढुङ्गा,वालुवा माटोको उत्खनन् कार्य प्रारम्भ भै सकेपछि यस कार्यविधि बमोजिम भए नभएको नियमित अनुगमन गर्न सम्बन्धित उपदफा (१) वमोजिम गठित समितिले अनुगमन कार्यदल निर्माण गरी नियमित अनुगमन गर्न गराउन सक्नेछ ।

(३) संकलन, उत्खनन् तथा ओसार पसारका शर्तहरुको परिपालना, उत्खनन् परिमाणको नियन्त्रण, राजश्व चुहावट तथा चोरी नियन्त्रण जस्ता कार्य सम्पन्न गर्न जुनसुकै बेला अनुगमन समितिले आवश्यक जनशक्ति परिचालन गर्न सक्नेछ ।

(४) अनुगमन कार्यका लागि परिचालित हुने अनुगमन समितिलाई अन्य सरकारी निकायले आवश्यकतानुसार सहयोग गर्नुपर्ने छ ।

(५) उल्लेखित अनुगमन व्यवस्था अनुसार उत्खनन्तथा ओसारपसारका लागि नियमानुसार भए नभएको विषयमा अनुगमन गरी अनुगमन समितिले आवश्यक कारवाहीका लागि नगर कार्यपालिकालाई प्रतिवेदन दिनुपर्ने छ ।

(६) अनुगमनका क्रममा शर्त उल्लघन गरेको वा राजश्वछलीगरी उत्खनन् तथा ओसार पसार गरेको, वा अनुमति नलिई उल्लेखित कार्य गरेको पाइएमा त्यस्ता संकलनकर्ता, उत्खनन् कर्ता र ढुवानीकर्तालाई स्थानीय तहले निर्धारण गरे बमोजिमको जरिवाना गरिने छ।

## परिच्छेद–५

## क्रसर उद्योग संचालन अनुमति सम्वन्धमा

**१६.** नगरपालिका भित्र संघीय, प्रदेशिक वा स्थानीय तहवाट संचालन हुने विभिन्न किसिमका विकास निर्माण कार्य साथसाथै भुकम्प पिडितलाई घर निर्माणको लागि निर्माणजन्य सामग्री पेवल, गिट्टी, चिप्स र वालुवा समेत अत्यावश्यक वस्तु भित्र पर्ने हुदाँ उक्त सामग्री उत्खनन, संकलन र प्रसोधन समेत गर्न माथि उल्लेखित खानी विकास समितिले आयोजना अवधिभर रहने गरि क्रसर उद्योग-व्यवसाय संचालन गर्न अनुमति प्रदान गर्न तल उल्लेखित मापदण्ड पालना गर्नु पर्नेछ ।

मापदण्डः

१. साधारण निर्माणमुखि पेवल, गिट्टी, चिप्स र वालुवाको उत्खनन्, संकलन तथा बिक्री वितरणको अस्थायी अनुमतिको लागी निवेदन दिनु पर्नेः (१) खोला-नदिसंग जोडिएको निजी हक भोग तथा स्वामित्वको जग्गावाट पेवल, गिट्टी, चिप्स र वालुवाका निकाली प्रयोग तथा विक्रि वितरण चाहने व्यक्तिले देहाय वमोजिम कागजात वा विवरण उल्लेख गरी नगरपालिकाको कार्यालयमा निवेदन पेश गर्नु पर्ने छ ।

(क) उद्योगको नाममा कम्तिमा १० रोपनी जग्गा भएको प्रमाणपूर्जाको फोटोकपि ।

(ख) समग्र उद्योग संचालनको लागि उत्खनन, संकलन र प्रसोधनको कार्य गर्न थप कम्तिमा २० रोपनि जग्गा भएको प्रमाण वा अरुको हकको जग्गा भए सम्वन्धीत जग्गाधनिको नागरिकता र जग्गाधनी प्रमाणपुर्जाको प्रतिलिपि सहित भोगचनलको लागि प्रयोगमा लिएको मन्जुरीनामा वा सम्झौता पत्र ।

(ग) चार किल्ला सधियारको विवरण र सहमती पत्र,

(घ) फिल्ड नक्शा, ट्रेस नक्शा, ब्लु प्रिन्ट नक्शा,

(ङ) नागरिकताको प्रमाणित प्रतिलिपि,

(च) आफूले संकलन गर्न लागेको परिमाणको विवरण ,

(छ) उद्योग दर्ता सम्वन्धि सम्पूर्ण कागजातहरु, नविकरण र पछिल्लो आ.व.को करचुक्ताको प्रमाणपत्रका प्रतिलिपि ।

(ज) सम्वन्धित वडाको सिफारिसपत्र ।

आयोजना संचालन अनुमति पत्रको प्रतिलिपि (आयोजनाको हकमा) ।

२. उत्खनन, संकलन र प्रसोधन कार्य गर्दा पालना गर्नु पर्नेः उत्खनन्, संकलन र प्रसोधन कार्यको लागी अस्थायी अनुमति पाउने व्यक्ति-संस्थाले पालना गर्नु पर्ने शर्तहरु देहाय वमोजिम हुने छ ।

(क) उत्खनन, संकलन प्रसोधन उद्योग बस्ति, वन, खानेपानीको मुहान, मुलसडक, पुल, विद्यालय र सार्वजनिक संरचनावाट कम्तिमा ५० मिटरको दुरिमा हुनुपर्नेछ र नजिकको नदि-खोलाको सतहबाट २ मी भन्दा बढीको खाल्डो खन्न पाईने छैन ।

(ख) साधारण निर्माणमुखी सामाग्री संकलन गरी सोको बिक्री पछि जोखिम कम गर्ने अन्य उपयुक्त उपाय अवलम्वन गर्नु पर्ने छ ।

(ग) उद्योग संचालन गर्न अनुमति प्राप्त भएपछि धरौटी वापत रु ५,००,०००।— (अक्षेररुपी रु पाँच लाख) भीरकोट नगरपालिकाको खातामा जम्मा गर्नुपर्ने र उक्त धरौटी अस्थायी अनुमति अवधि समाप्त वा व्यवसाय बन्द भएको मितिले जोखिमको अवस्था अनुसार कम्तिमा ६ महिना पछि मात्र फिर्ता गर्नु पर्नेछ । तर तोकिएको शर्त अनुसार कार्य नगरी उलंघन गरेको ठहरेमा नियमानुसार जरिवाना रकम सोही धरौटी वाट कट्टा गरी व्यावसाय वन्द गर्न सकिने छ ।

(घ) सार्वजनिक जग्गाको सिमानाबाट कम्तिमा २० मीं दुरी सम्म मात्र प्रसोधन उद्योग राख्न पाईनेछ ।उत्खनन, संकलन र प्रसोधन कार्य पेश भएको जग्गाको साध सिमासंग जोडिएको नदी-खोलावाट मात्र नगरपालिकाले तोकेको समयसिमाभित्र रही उत्खनन, संकलन र प्रसोधन गर्न पाउनेछ ।

(ङ) पेवल, गिट्टी, चिप्स र वालुवाका लगायत साधारण निर्माणमुखी सामाग्रीको बजार मूल्य "भुकम्प पिडित परिवार तथा नगरपालिकाभित्रका योजनालाई ढुंगा गिट्टी, माटो वालुवा उपलव्ध गराउने मापदण्ड, २०७४" को दफा ३(ख) नियमित गर्न उत्खनन् स्थल, बजार दुरी र उत्खनन् संकलन लागत एवं अन्य अनुमति प्राप्त

व्यक्ति वा फर्मको प्रचलित वजार दर समेतलाई ध्यान राखि नगर कार्यपालिकाले अधिकतम बिक्रि दररेट तोक्न सक्नेछ । यसरी तोकिएको दर रेटलाई सम्वन्धीत अनुमति प्राप्त व्यक्ति वा फर्मले अवलम्वन गर्नु पर्नेछ ।

(च) दफा १३ (१) वमोजिम अनुमति प्राप्त उद्योगले सो निर्माण जन्य सामाग्रि उत्खनन एवं संकलन गर्दा भीरकोट नगरपालिकाले तोके वमोजिम विक्रि शुल्क भीरकोट नगरपालिकाललाई बुझाउनु पर्नेछ ।

(छ) साधारण निर्माणमुखी सामाग्री बिक्री वितरण गर्दा अस्थायी अनुमति प्राप्त व्यक्तिले पहिलो प्राथमिकताभीरकोटनगरपालिकाल वासीलाई दिनु पर्नेछ ।

(ज) उत्खनन् पश्चात अस्थायी अनुमति प्राप्त फर्म वा ब्यक्तिले उत्खनन् एवं संकलन पश्चात छनौट गरी छाडिएको काम नलाग्ने वस्तु बलौटा, पांगो वा चोकर वा अन्य वाई प्रडक्टको उचित ब्यवस्थापन गर्नु पर्नेछ । साथै सो वाट निस्कीएको फोहर पानिलाई आवस्यक ट्रिटमेन्ट ल्पान्ट मार्फत सफा गरे पश्चात मात्र स्थानिय नदी,खोलामा खसाल्ने व्यवस्था गर्नु पर्नेछ ।

(झ) सडक विभाग र सम्वन्धित निकायले तोकेको सडक सीमा र मापदण्ड भित्रको क्षेत्रमा ढुंगा, वालुवा र माटो उत्खनन्र संकलन गर्न वा सञ्चय गर्न पाइने छैन ।

(ञ) उत्खनन्तथा संकलन स्थलवाट मानव स्वास्थ्यमा प्रतिकुल प्रभाव पर्ने गरी कुनै पनि कार्य गर्न गराउन पाइने छैन ।

(ट) संकलन र उत्खनन् गरिएको सामान्य निर्माणमुखी ढुङ्गा, वालुवा, तथा माटो जस्ता पदार्थ स्थानीय तहबाट ईजाजत प्रत्रमा उल्लिखित परिमाण भन्दा बढ्ने गरी संचय गर्न पाइने छैन ।

(ठ) उत्खनन एवं संकलन अनुमती माग गर्ने कम्पनी वा फर्मले व्यवसाय सञ्चालनका क्रममा वातावरणमा परेको वा पर्न सक्ने प्रतिकूल वातावरणीय असरको निराकरण गर्ने जिम्मेवारी सम्बन्धित व्यक्ति, कम्पनी वा फर्मको हुनेछ ।

(ड) प्रसोधन गर्दा उत्पन्न भएका फोहोर जन्य पदार्थ (By Products) लाई नियमनुसार प्रसोधन र सुद्धिकरण गरि मात्र खोला वा नदिमा मिसाउन पाउनेछ ।

(ढ) यो कार्यविधि प्रदेश वा संघको कानुनसंग वाझिएमा सोहि अनुसार हुनेछ ।

## परिच्छेद—६

## वालुवा प्रसोधन उद्योग(फिरफिरे) संचालन अनुमति सम्वन्धमा

१७. नगरपालिका भित्र संघीय, प्रदेशिक वा स्थानीय तहवाट संचालन हुने विभिन्न किसिमका विकास निर्माण कार्य साथसाथै भुकम्प पिडितलाई घर निर्माणको लागि निर्माणजन्य सामग्री वालुवा अत्यावश्यक वस्तु भित्र पर्ने हुदाँ उक्त सामग्री प्रसोधन गर्न माथि उल्लेखित खानी विकास समितिले आयोजना अवधिभर रहने गरि वालुवा प्रसोधन उद्योग संचालन गर्न अनुमति प्रदान गर्न तल उल्लेखित मापदण्ड पालना गर्नु पर्नेछ ।

मापदण्डः

१. साधारण निर्माणमुखि वालुवाको प्रसोधन तथा बिक्री वितरणको अस्थायी अनुमतिको लागी निवेदन दिनु पर्नेः (१) निजी हक भोग तथा स्वामित्वको जग्गावाट वालुवा निकाली प्रयोग तथा विक्रि वितरण चाहने व्यक्तिले देहाय वमोजिम कागजात वा विवरण उल्लेख गरी नगरपालिकाको कार्यालयमा निवेदन पेश गर्नु पर्ने छ ।

(क) उद्योगको नाममा कम्तिमा ५ रोपनी जग्गा भएको प्रमाणपूर्जाको फोटोकपि ।

(ख) समग्र उद्योग संचालनको लागि उत्खनन, संकलन र प्रसोधनको कार्य गर्न थप कम्तिमा १० रोपनि जग्गा भएको प्रमाण वा अरुको हकको जग्गा भए सम्वन्धीत जग्गाधनिको नागरिकता र जग्गाधनी प्रमाणपुर्जाको प्रतिलिपि सहित भोगचनलको लागि प्रयोगमा लिएको मन्जुरीनामा वा सम्झौता पत्र ।

(ग) चार किल्ला सधियारको विवरण र सहमती पत्र,

(घ) फिल्ड नक्शा, ट्रेस नक्शा, ब्लु प्रिन्ट नक्शा,

(ङ) नागरिकताको प्रमाणित प्रतिलिपि,

(च) आफूले संकलन गर्न लागेको परिमाणको विवरण ,

(छ) उद्योग दर्ता सम्वन्धि सम्पूर्ण कागजातहरु, नविकरण र पछिल्लो आ.व.को करचुक्ताको प्रमाणपत्रका प्रतिलिपि ।

(ज) सम्वन्धित वडाको सिफारिसपत्र ।

(झ) आयोजना संचालन अनुमति पत्रको प्रतिलिपि (आयोजनाको हकमा) ।

२. उत्खनन, संकलन र प्रसोधन कार्य गर्दा पालना गर्नु पर्नेःसंकलन र प्रसोधन कार्यको लागी अस्थायी अनुमति पाउने व्यक्ति-संस्थाले पालना गर्नु पर्ने शर्तहरु देहाय वमोजिम हुनेछ ।

(क) संकलन प्रसोधन उद्योग बस्ति, वन, खानेपानीको मुहान, मुलसडक, नदि, खोला पुल, विद्यालय र सार्वजनिक संरचनावाट कम्तिमा ५० मिटरको दुरिमा हुनुपर्नेछ।

(ख) साधारण निर्माणमुखी सामाग्री संकलन गरी सोको बिक्री पछि जोखिम कम गर्ने अन्य उपयुक्त उपाय अवलम्वन गर्नु पर्ने छ ।

(ग) उद्योग संचालन गर्न अनुमति प्राप्त भएपछि धरौटी वापत रु २,००,०००।— (अक्षेररुपी रु दुई लाख) भीरकोट गा.पा.को खातामा जम्मा गर्नुपर्ने र उक्त धरौटी अस्थायी अनुमति अवधि समाप्त वा व्यवसाय बन्द भएको मितिले जोखिमको अवस्था अनुसार कम्तिमा ६ महिना पछि मात्र फिर्ता गर्नु पर्नेछ । तर तोकिएको शर्त अनुसार कार्य नगरी उलंघन गरेको ठहरेमा नियमानुसार जरिवाना रकम सोही धरौटी वाट कट्टा गरी व्यावसाय वन्द गर्न सकिने छ ।

(घ) सार्वजनिक जग्गाको सिमानाबाट कम्तिमा २० मीं दुरी सम्म मात्र प्रसोधन उद्योग राख्न पाईनेछ ।

(ङ) वालुवा तथा साधारण निर्माणमुखी सामाग्रीको बजार मूल्य “भुकम्प पिडित परिवार तथा नगरपालिकाभित्रका योजनालाई ढुंगा गिट्टी, माटो वालुवा उपलव्ध गराउने मापदण्ड, २०७४” को दफा ३(ख) वमोजिम हुनेछ । प्रचलित वजार दर समेतलाई ध्यान राखि नगर कार्यपालिकाले अधिकतम बिक्रि दररेट तोक्न सक्नेछ। यसरी तोकिएको दर रेटलाई सम्वन्धीत अनुमति प्राप्त उद्योगले अवलम्वन गर्नु पर्नेछ ।

(च) दफा १४ (१) वमोजिम अनुमति प्राप्त उद्योगले सो निर्माण जन्य सामाग्रि उत्खनन एवं संकलन गर्दा भीरकोट नगर पालिकाले तोके वमोजिम विक्रि शुल्क भीरकोट नगरपालिकालाई बुझाउनु पर्नेछ ।

(छ) साधारण निर्माणमुखी सामाग्री बिक्री वितरण गर्दा अस्थायी अनुमति प्राप्त व्यक्तिले पहिलो प्राथमिकता भीरकोट नगरपालिकावासीलाई दिनु पर्नेछ ।

(ज) उत्खनन् पश्चात अस्थायी अनुमति प्राप्त उद्योगलेसंकलन तथा प्रसोधन पश्चात छनौट गरी छाडिएको काम नलाग्ने वस्तु बलौटा, पांगो वा चोकर वा अन्य वाई प्रडक्टको उचित ब्यवस्थापन गर्नु पर्नेछ । साथै सो वाट निस्कीएको फोहर पानिलाई आवस्यक ट्रिटमेन्ट ल्पान्ट मार्फत सफा गरे पश्चात मात्र स्थानिय नदी,खोलामा खसाल्ने व्यवस्था गर्नु पर्नेछ ।

(झ) सडक विभाग र सम्वन्धित निकायले तोकेको सडक सीमा र मापदण्ड भित्रको क्षेत्रमासंकलन, सञ्चय वा प्रसोधन गर्न पाइने छैन ।

(ञ) संकलन तथा प्रसोधन स्थलवाट मानव स्वास्थ्यमा प्रतिकुल प्रभाव पर्ने गरी कुनै पनि कार्य गर्न गराउन पाइने छैन ।

(ट) संकलन तथा प्रसोधन गरिएको सामान्य निर्माणमुखी वालुवा जस्ता पदार्थ स्थानीय तहबाट ईजाजत प्रत्रमा उल्लिखित परिमाण भन्दा बढ्ने गरी संचय गर्न पाइने छैन ।

(ठ) संकलन एंव प्रसोधा अनुमती माग गर्ने कम्पनी वा फर्मले व्यवसाय सञ्चालनका क्रममा वातावरणमा परेको वा पर्न सक्ने प्रतिकूल वातावरणीय असरको निराकरण गर्ने जिम्मेवार सम्बन्धित व्यक्ति, कम्पनी वा फर्मको हुनेछ ।

(ड) यो कार्यविधि प्रदेश वा संघको कानुनसंग वाझिएमा सोहि अनुसार हुनेछ ।

## परिच्छेद—७

## विविध

१८. **अनधिकृत रुपमा उत्खनन् तथा संकलन गर्न नपाईनेः** अनधिकृत रुपमा नदी नाला खोल्सा खोल्सीवाट गिट्टी ढुंगा, वालुवा एवं माटो उत्खनन् ,संकलन गर्न पाइने छैन । कसैले अनधिकृत रुपवाट उल्लेखित निर्माण जन्य समाग्री उत्खनन् एवं संकलन गरेका सो भीरकोट नगरपालिकाले सामाग्रि जफत वा नियमानुसार जरिवाना गर्न सक्ने छ ।

१९. **अनुमति पत्र रद्द हुने व्यवस्थाः**

(१) अस्थाई अनुमति देहायको अवस्थामा रद्द वा खारेज हुनेछ ञ्ञ्छ

(क) अनुमति पत्र प्राप्त व्यक्तीले अनुमति पत्र परित्याग गर्न निवेदन दिएमा ।

(ख) सार्वजानिक हित वा राष्ट्रिय सुरक्षा वा वातावरणमा प्रतिकुल असर पर्न सक्ने कार्य गरेमा ।

(ग) नियमानुसार तोकिएको रोयल्टी, शुल्क, दस्तुर आदी समयमा नवुझाएमा ।

(घ) यस कार्य विधि वमोजिम तोकिएको शर्तहरु पालना नगरेमा ।

(ङ) तोकिए वमोजिमको पेश गर्नु पर्ने विवरण, प्रतिवेदन, सुचना आदी पेश नगरेमा ।

(च) कसैको उजुरी परी छानविन गर्दा अनुमति प्राप्त व्यक्तिले अनियमित एवं कानुन विपरित कार्य गरेको ठहरेमा तत्काल उत्खनन एवं विक्रि वितरण कार्य तक्काल वन्द गर्न आदेश अस्थाई अनुमति खारेज वा रद्द गर्न सक्नेछ ।

(२) उपदफा (१) वमोजिम अस्थाई अनुमति खारेज गर्दा सम्वन्धीत व्यक्तिलाई सफाई पेश गर्ने मौकावाट वञ्चित गरिने छैन ।

२०. **आवश्यक निर्णय गर्न सक्नेः** यस कार्यविधिमा जुनसुकै कुरा लेखिएको भएता पनि आम रुपमा साधारण निर्माणजन्य सामाग्रिहरु गिट्टी ढुंगा, गिट्टी, माटो तथा वालुवाको अभाव भै सर्वसाधारणलाई असुविधा पुग्न गएमा वा अन्य प्रयोजनको लागी सार्वजानिक स्थललाई उपयोग योग्य वनाउन आवस्यकता परेमा तोकिए वमोजिमको प्रक्रिया पुरा गरी गराई भीरकोट नगरपालिकाले आवस्यक निर्णय गरी त्यस्तो सामाग्री उत्खनन् गर्न वा संकलन गर्ने गराउने व्यवस्था गर्न सक्नेछ ।

२१. **थपघट वा हेरफेर गर्न सक्नेः** यो कार्यविधिको कार्यान्वयनलाई थप व्यवस्थित र प्रभावकारी बनाउन नगरपालिकाले आवश्यकतानुसार थपघट, हेरफेर र संशोधन गर्न सक्नेछन्।

२२. **वाधा अड्काउ फुकाउने अधिकारः** यस कार्यविधिको कार्यान्वयन गर्दा कुनै वाधा अड्काउ उत्पन्न भएमा वा संघ वा प्रदेश कानुन जारी हुदाको वखत द्धिविधा उत्पन्न भएमा कार्यपालिकाले स्थानिय राजपत्रमा सुचना प्रकाशन गरी त्यस्तो वाधा अड्काउ फुकाउन सक्ने छ।

२३. **वचाउः** यो कार्यविधि लागु हुनु अघि प्रचलित औद्योगिक व्यवसाय तथा खानी तथा खनिज सम्वन्धीत कानुन वमोजिम अनुमति प्राप्त गरेको व्यक्ति वा फर्महरुलाई यस कार्यविधिले वाधा पुर्याएको मानिने छैन ।